निर्णयहरूः-

१. जिल्लाभित्र COVID-19 संक्रमितहरूको संख्या बढ्दै गइरहेको सन्दर्भमा परीक्षणको संख्या समेत बढाउनुपर्ने भएको हुँदा किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र, हेटौडामा रहेको PCR Machine लाई समेत Swab परीक्षण गर्ने कार्यमा प्रयोग गर्न किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र, हेटौडालाई अनुरोध गर्ने ।

२. PCR Machine मार्फत गरिने स्याब परीक्षणको कार्यलाई थप प्रभावकारी एवं छिटोछरितो तुल्याउन आवश्यक पर्ने Sample Extractor को तत्काल व्यवस्था मिलाई दिनका लागि बागमती प्रदेश, सामाजिक विकास मन्त्रालय, हेटौडालाई अनुरोध गर्ने ।

३. कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्र, छाउनी, काठमाडौंको प.सं. ५०९/CCMC-MGMT/कार्य/१/०७७/७८/२४५, मिति २०७८/०१/१२ को प्रेस-विज्ञप्ति बमोजिम यस मकवानपुर जिल्ला भर विद्यालय, कलेज, ट्युसन सेन्टर लगायतका शिक्षण संस्थाहरूबाट भौतिकरूपमा उपस्थित भई हुने पठनपाठन र सबै प्रकारका परीक्षाका कार्यक्रमहरू (सञ्चालन भइरहेका समेत) मिति २०७८-०१-१३ गतेदेखि लागू हुने गरी बन्द गर्ने र सो को समन्वय शिक्षा विकास तथा समन्वय इकाई, मकवानपुर र सम्बन्धित स्थानीय तहहरूले गर्ने ।

४. मिति २०७८-०१-१३ गतेदेखि जिल्लाभित्रका होटल, रेष्टुरेन्ट तथा रिसोर्टहरूमा विवाह, ब्रतबन्ध, बर्थडे मनाउने लगायतका भिडभाड हुने कुनै पनि कार्यक्रमहरू आयोजना गर्न पूर्णरूपमा रोक लगाउने ।

५. हेटौडा बजार क्षेत्रमा फुटपाथमा गरिने स्ट्रिट फुड व्यापार लगायतका अन्य सबै प्रकारका फुटपाथ व्यापार व्यवसायहरू तत्काल बन्द गर्ने, गराउने व्यवस्था हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौडाले गर्ने ।

६. हेटौडा बजार क्षेत्रमा मानिसहरूको भिडभाडलाई नियन्त्रण एवं व्यवस्थापन गर्दै कोभिड-१९ संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न दिन तोकी आलोपाले गरी व्यसाय सञ्चालन गर्ने व्यवस्था मकवानपुर उद्योग वाणिज्य संघले मिलाउने । साथै, हेटौडा बसपार्कस्थित तरकारी बजार र माछामासु बजार एवं खोपेगल्लीस्थित तरकारी बजार बिहान ४:०० बजेदेखि बिहान ८:०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

७. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३०९१, मिति २०७८-०१-११ को पत्रबाट हालको कोभिड-१९ को संक्रमणको परिस्थितिलाई मध्यनजर गरी बिगतमा सञ्चालनमा रहेका आइसोलेसन सेन्टरहरू पुनः सञ्चालन गर्ने व्यवस्थाका लागि लेखी आएको सन्दर्भमा यसअघि यस जिल्लामा सञ्चालनमा रहेका सबै आइसोलेसन सेन्टरहरू सम्बन्धित स्थानीय तहहरूले पुनः सञ्चालन गर्ने ।

८. जिल्लाभित्र कोभिड-१९ संक्रमण नियन्त्रण एवं व्यवस्थापनका सन्दर्भमा भएका दैनिक गतिविधिहरूको विवरण तयार, सूचना सम्प्रेषण, समन्वय र अन्य व्यवस्थापकीय कार्यहरू समेत गर्ने गरी देहायको एक Task Force गठन गर्ने ।

| | | |
|---|---|---|
| प्रशासकीय अधिकृत | श्री देबचन्द्र गतौंला, जिल्ला प्रशासन कार्यालय, मकवानपुर | -संयोजक |
| अधिकृत प्रतिनिधि | हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौडा | -सदस्य |
| प्रतिनिधि | स्वास्थ्य कार्यालय, मकवानुर | -सदस्य |
| अधिकृत प्रतिनिधि | जिल्ला प्रहरी कार्यालय, मकवानपुर | -सदस्य |

२०७८।१।१३
भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी